# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४९ सालको ऐन नं ५

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध बिरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना र व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : चिया तथा कफी खेती र प्रशोधन गर्ने कार्यमा सामञ्जस्य ल्याउन, आधुनिक प्रविधिको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

902

प्रयोगद्वारा उच्च गुणस्तरको चिया तथा कफी उत्पादन गर्ने र बजार व्यवस्थापन तथा निकासी पैठारी गर्नको लागि एक ठोस नीति निर्माण गरी देशमा भएका चिया तथा कफी उद्योगको योजनाबद्ध रूपमा विकास गर्न राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना र त्यसको कार्य सञ्चालन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाईसौं वर्षमा संसदले यो ऐन बनाएकोछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९" रहेकोछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "बोर्ड" भन्नाले दफा ३ बमोजिम स्थापना भएको राष्ट्रिय चिया तथा कफी विकास बोर्ड सम्झनु पर्छ।

(ख) "समिति" भन्नाले दफा ८ बमोजिम गठन भएको कार्यकारी समिति सम्झनु पर्छ।

(ग) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समितिको अध्यक्ष, उपाध्यक्ष तथा सदस्य-सचिवलाई समेत जनाउनेछ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा १४ बमोजिम नियुक्त भएको वा तोकिएको कार्यकारी निर्देशक सम्झनु पर्छ।

(च) "प्रशोधन" भन्नाले चियाको हरियो पत्ती तथा कफीको गेडा कुनै यान्त्रिक प्रकृयाबाट प्रशोधन गरिने कार्य सम्झनु पर्छ।

(छ) "उत्पादक" भन्नाले चिया वा कफी उत्पादन गर्ने व्यवसायी सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

३. <u>बोर्डको स्थापना</u> : राष्ट्रियस्तरमा चिया तथा कफी उद्योगको विकास सम्बन्धी योजनाहरु तर्जुमा गरी निजी तथा सरकारी क्षेत्रमा सञ्चालित चिया तथा कफी उद्योगलाई सुव्यवस्थित एवं प्रभावकारी ढङ्गबाट बढी सबल तुल्याउन राष्ट्रिय चिया तथा कफी बिकास बोर्डको स्थापना गरिएकोछ।

४. <u>बोर्ड सङ्गठित संस्था हुने</u> : (१) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) बोर्डको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) बोर्डले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) बोर्डले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र बोर्ड उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

५. बोर्डको कार्यालय : (१) बोर्डको मुख्य कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(२) बोर्डले आवश्यकतानुसार नेपाल अधिराज्यभित्र शाखा कार्यालयहरू खोल्न सक्नेछ।

६. बोर्डको उद्देश्य : बोर्डको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) चिया तथा कफी उद्योगको विकासको लागि उत्पादन, प्रशोधन, बजार व्यवस्थापन तथा निकासी पैठारी सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) चिया तथा कफी खेती तथा उद्योगको विकासमा देखा परेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउने,

(ग) चिया तथा कफी उद्योगको विकासको लागि चिया तथा कफी खेती र प्रशोधनको लागि आवश्यक पर्ने सामग्रीहरूको आपूर्तिको व्यवस्था गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 902

(घ) चिया तथा कफी उद्योगको विकासको लागि तालिम तथा अनुसन्धान केन्द्र स्थापना गरी चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरूलाई आधुनिक प्राविधिक ज्ञान, प्रशिक्षण र प्राविधिक सहयोग उपलब्ध गराउने,

(ङ) चिया तथा कफी उद्योगको विकासको लागि आवश्यक अध्ययन गर्ने, गराउने,

(च) चिया तथा कफी उद्योगको क्षेत्रमा कार्यरत संस्थाहरूसंग समन्वय गर्ने,

(छ) चिया तथा कफी उद्योगलाई सहयोग पु-याउने।

७. बोर्डको काम, कर्तव्य र अधिकार : बोर्डको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल अधिराज्यमा चिया तथा कफी खेतीको विस्तार तथा विकास गराउन चिया तथा कफी उद्योगको स्थापना, सुधार, प्रवर्द्धन तथा संरक्षण गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) चिया तथा कफी खेतीको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय आधारहरू तयार पारी सोही अनुसार कार्यान्वयन गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) चिया तथा कफीको मूल्यको सम्बन्धमा श्री ५ को सरकारलाई परामर्श दिने,

(घ) साना स्तरमा चिया तथा कफी खेती गर्ने कृषकहरूलाई आवश्यक पर्ने कर्जा, बीउ, बेर्ना, रासायनिक मल, कीटनाशक औषधि, औजार, इन्धन, प्राविधिक सेवा, आदिको आपूर्तिको व्यवस्था गर्ने, गराउने,

(ङ) चिया तथा कफी लगाउन उपयुक्त सरकारी ऐलानी जग्गाहरू श्री ५ को सरकारबाट उपलब्ध गरी चिया तथा कफी लगाउने वा लिज वा किस्ताबन्दीमा दिई चिया तथा कफी खेती गराउने,

(च) चिया तथा कफी बजार व्यवस्थालाई विकास गर्न समय समयमा बजार सर्भेक्षण गरी उपभोक्ताले रूचाएका चिया तथा कफीको ग्रेड र किसिम आदि यकीन गर्ने र चिया तथा कफीको गुणस्तर निर्धारण गर्ने, गराउने,

(छ) अन्तर्राष्ट्रिय बजारमा चिया तथा कफीको माग सम्बन्धमा निर्यातकर्ताहरूलाई जानकारी गराउने,

(ज) नेपाल अधिराज्यमा चिया तथा कफी उद्योगको विकास तथा विस्तार गर्नको लागि आवश्यक अध्ययन गर्ने, गराउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरूलाई प्राविधिक ज्ञान, प्रशिक्षण तथा प्राविधिक सहयोग प्रदान गर्न तालिम तथा अनुसन्धान केन्द्र स्थापना गर्ने, गराउने,

(ञ) चिया तथा कफी उद्योगमा संलग्न व्यक्तिहरूको शीप विकासको लागि ती व्यक्तिहरूलाई विदेशमा आवश्यक तालिम, सेमिनार एवं उच्च शिक्षा दिलाउन आवश्यक व्यवस्था गर्ने,

(ट) चिया तथा कफी उद्योगको विकासको लागि सरकारी तथा निजी क्षेत्रहरूमा भईरहेका प्रयासहरूलाई समन्वय गर्ने, गराउने,

(ठ) चिया तथा कफी उद्योगसंग सम्बन्धित व्यवस्थापन र मजदूर बीच समझदारी वृद्धि गर्न गराउनका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ड) चिया तथा कफी उद्योगहरूको दर्ताको लगत राख्ने,

(ढ) चिया तथा कफी उद्योगहरूमा व्यवस्थापन सुधार गर्नका लागि आवश्यक कार्य गर्ने, गराउने,

(ण) श्री ५ को सरकारको स्वीकृति लिई चिया तथा कफीमा सेवा शुल्क (सेस) लगाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(त) चिया तथा कफी उद्योगको विकास सम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने।

८. कार्यकारी समितिको गठन : (१) बोर्डको कार्य सञ्चालनको निमित्त देहाय बमोजिमको एउटा कार्यकारी समिति हुनेछः-

(क) कृषि मन्त्री वा राज्यमन्त्री :-अध्यक्ष

(ख) श्री ५ को सरकारबाट मनोनीत व्यक्ति :-उपाध्यक्ष

(ग) निजी चिया तथा कफी उत्पादकहरूबाट एक।एक जना प्रतिनिधि :-सदस्य

(घ) साना चिया तथा कफी किसानबाट एक।एक जना प्रतिनिधि :-सदस्य

(ङ) नेपाल चिया उत्पादक संघबाट एक जना प्रतिनिधि :-सदस्य

(च) सह-सचिव, कृषि मन्त्रालय :-सदस्य

(छ) सह-सचिव, अर्थ मन्त्रालय :-सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) सह-सचिव,
उद्योग मन्त्रालय -सदस्य

(झ) कार्यकारी निर्देशक,
राष्ट्रिय कृषि
अनुसन्धान परिषद् -सदस्य

(ञ) महाप्रवन्धक,
कृषि विकास बैंक -सदस्य

(ट) महाप्रवन्धक,
नेपाल चिया
विकास निगम लिमिटेड -सदस्य

(ठ) महाप्रबन्धक,
व्यापार प्रवर्द्धन
केन्द्र -सदस्य

(ड) कार्यकारी निर्देशक,
राष्ट्रिय चिया तथा
कफी विकास
बोर्ड -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिको गठन भएपछि समितिले चिया तथा कफी उद्योगमा कार्यरत मजदूरहरू मध्येबाट एक एक जना व्यक्तिलाई दुई वर्षको लागि समितिको सदस्यमा मनोनीत गर्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिमा मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ र निज पुनः मनोनीत हुन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. <u>समितिको बैठक</u> : (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वर्षको कम्तीमा दुईपटक बस्नेछ।

(२) समितिको सम्पूर्ण सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(३) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ। अध्यक्ष तथा उपाध्यक्ष दुवैको अनुपस्थितिमा सदस्यहरूले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ।

(४) समितिको निर्णय सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुराहरू समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. <u>समितिको काम, कर्तव्य र अधिकार</u> : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमको अधीनमा रही बोर्डले गर्नु पर्ने सम्पूर्ण काम कारवाही गर्नु अधिकारहरूको प्रयोग तथा कर्तव्यको पालन गर्नु समितिको कर्तव्य हुनेछ।

(२) समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये सबै वा कुनै अधिकार आवश्यकतानुसार कुनै सदस्य वा दफा ११ बमोजिमको उप-समिति वा बोर्डको कुनै अधिकृत कर्मचारीलाई सुम्पन्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 999

११. उपसमिति गठन गर्न सक्ने : (१) समितिले आफ्नो कार्य सञ्चालनको लागि आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ।

(२) उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यक्षेत्र तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ।

१२. बोर्डको कोष : (१) बोर्डको एउटा छुट्टै कोष हुनेछ।

(२) बोर्डको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) श्री ५ को सरकारबाट प्राप्त रकम,

(ख) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट प्राप्त रकम,

(ग) चिया तथा कफी खेती र प्रशोधन सम्बन्धी परामर्श सेवा बापत प्राप्त हुने रकम,

(घ) चिया तथा कफीमा लगाइएको सेवा शुल्क (सेस)बाट प्राप्त रकम,

(ङ) अन्य श्रोतबाट प्राप्त रकम।

(३) कुनै विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाहरूबाट अनुदान रकम लिंदा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(४) बोर्डलाई प्राप्त हुने सबै रकम नेपाल अधिराज्यभित्रको कुनै वाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) बोर्डद्वारा गर्नु पर्ने सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

१३. <u>लेखा र लेखापरीक्षण</u> : (१) बोर्डको आय व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिनेछ।

(२) बोर्डको लेखापरीक्षण महालेखा परीक्षकद्वारा हुनेछ।

१४. <u>कार्यकारी निर्देशक</u> : (१) बोर्डको प्रशासकीय प्रमुखको रूपमा एक कार्यकारी निर्देशक रहनेछ।

(२) श्री ५ को सरकारले कार्यकारी निर्देशक पदमा उपयुक्त व्यक्तिलाई नियुक्ति गर्न वा तोक्न सक्नेछ।

(३) कार्यकारी निर्देशकको पदावधि चार वर्षको हुनेछ र निज पुनः बढीमा चार वर्षको लागि नियुक्त हुन वा तोकिन सक्नेछ।

(४) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१५. <u>बोर्डको कर्मचारी</u> : (१) बोर्डले आफ्नो कार्य सञ्चालनको निमित्त आवश्यक कर्मचारी तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरूको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६. श्री ५ को सरकार समक्ष प्रतिवेदन पेश गर्नु पर्ने : बोर्डले आफूले गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको छ महीनाभित्र श्री ५ को सरकार समक्ष पेश गर्नु पर्नेछ।

१७. श्री ५ को सरकारसंग सम्पर्क : बोर्डले श्री ५ को सरकारसंग सम्पर्क राख्दा कृषि मंत्रालय मार्फत राख्नु पर्नेछ।

१८. बोर्डको विघटन : (१) कुनै मनासिब कारणबाट बोर्डलाई खारेज गर्ने गरी श्री ५ को सरकारले निर्णय गरेमा बोर्ड विघटन हुनेछ।

(२) उपदफा (१) बमोजिम बोर्ड विघटन भएमा बोर्डको हक र दायित्व श्री ५ को सरकारमा सर्नेछ।

१९. विनियम बनाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न बोर्डले श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक विनियमहरू बनाउन सक्नेछ।

लालमोहर सदर मितिः– २०५०।२।२०।४

आज्ञाले,

वेदव्यास क्षेत्री

श्री ५ को सरकारको सचिव



मुद्रकः— मुद्रण विभाग, सिंहदरबार, काठमाडौं ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

118